# राष्ट्रिय वाणिज्य बैंक लि.

## केन्द्रीय कार्यालय

प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबार प्लाजा, काठमाडौं

मिति : २०८०।१०।२६

## प्रेस विज्ञप्ति

## राष्ट्रिय वाणिज्य बैंकले ल्यायो 'मेरो घर कर्जा' योजना ब्याजदर एकल अङ्क (Single Digit) मा




राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले उपभोक्ता कर्जा निर्देशिका, २०७७ बमोजिम **मेरो घर कर्जा** योजना ल्याएको छ । घर खरीद, घर निर्माण तथा जग्गा खरीद गर्नका लागि अधिकतम पाँच कारोड रुपैंया सम्म दिईने मेरो घर कर्जाको ब्याजदर बेसरेटमा १।२० प्रतिशत प्रिमियम जोडिने छ । हाल बैंकको बेसरेट ८।२५ प्रतिशत छ यसमा १।२० प्रतिशत प्रिमियम जोड्दा वार्षिक ९।४५ प्रतिशत ब्याजदरमा बैंकले मेरो घर कर्जा लगानी गर्नेछ । कर्जा प्रशोधन तथा सेवा शुल्क एकपटकका लागि कर्जा रकमको ०।२५ प्रतिशत लाग्नेछ । कर्जा रकम मासिक किस्ताबन्दीमा (EMI) भुक्तानी गर्ने गरी अधिकतम २० वर्षका लागि प्रदान गरिनेछ । यो कर्जा बैंकका देशभर रहेका सम्पूर्ण शाखा कार्यालयहरुबाट लिन सकिनेछ ।

हाल बैंकको सातै प्रदेश, ७७ वटै जिल्लामा २८६ वटा शाखा कार्यालय, ३०५ वटा एटिएम र ७० वटा एक्स्टेन्सन काउन्टर रहेको छ ।